# विज्ञान प्रविधि तथा नवप्रवर्तनात्मक कार्यक्रम अनुदान कार्यान्वयन कार्यविधि, २०८२

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

# विज्ञान प्रविधि तथा नवप्रवर्तनात्मक कार्यक्रम अनुदान कार्यान्वयन कार्यविधि, २०८२

प्रस्तावनाः आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमको क्रियाकलाप नं १.३.५.३० लाई कार्यान्वयनलाई सहजीकरण गर्न,

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यान्वयन कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विज्ञान प्रविधि तथा नवप्रवर्तनात्मक कार्यक्रम अनुदान कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखी प्रारम्भ हुनेछ र आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म कायम रहनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"कार्यक्रम"** भन्नाले चालु आर्थिक वर्षमा स्वीकृत क्रियाकलाप नं १.३.५.३० अन्तरगतको सार्वजनिक, निजी क्षेत्र, विश्वविद्यालय तथा अनुसन्धानमा संलग्न संस्थाबीच विविध क्षेत्र, विषय, समस्या र अवसरको पहिचान गरी विज्ञान, प्रविधि तथा नवप्रवर्तनमा अनुसन्धान अनुदान कार्यक्रम संचालन हुने कार्यक्रमलाई सम्झनु पर्छ।

(ख) **"छनोट समिति"** भन्नाले यस कार्यविधिको दफा ७ बमोजिमको छनोट समिति सम्झनु पर्छ।

(ग) **"प्रस्तावक"** भन्नाले विज्ञान प्रविधिका क्षेत्रमा अनुसन्धान तथा नवप्रवर्तनमा कार्यहरु गर्ने वा विकास निर्माणका कार्यहरु गर्ने सार्वजनिक, निजी क्षेत्र, विश्वविद्यालय तथा सरकारी/गैरसरकारी अनुसन्धान संस्थालाई सम्झनुपर्छ।

(घ) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ।

## परिच्छेद-२

## उद्देश्य, क्षेत्र तथा विषय पहिचान

३. **उद्देश्यः** यस कार्यविधि कार्यान्वयनका प्रमुख उद्देश्य देहाय बमोजिम रहेका छन्ः-

(क) सार्वजनिक क्षेत्र, निजी क्षेत्र, विश्वविद्यालय तथा अनुसन्धानमा संलग्न संस्था बीच विविध विषय समस्या र अवसरको पहिचान गरी विज्ञान, प्रविधि तथा नवप्रवर्तनमा अनुसन्धान गर्न,

(ख) विज्ञान तथा प्रविधिको क्षेत्रमा नवप्रवर्तन, नवीनतम प्रविधि, वस्तु तथा सेवाको विकास र त्यसको बजारीकरण तथा उपयोग गर्नु,

(ग) विशिष्ट क्षेत्र वा विधामा उच्च नतिजामूलक गुणस्तरीय अनुसन्धान, विद्यमान ज्ञानको महत्तम वा परिष्कृत प्रयोग गर्नु,

(घ) अनुसन्धानका उपलब्धिलाई सामाजिक समस्या समाधान र उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नका लागि उपयोग गर्नु,

(ङ) मुलुकको विज्ञान तथा प्रविधिको क्षेत्रमा संलग्न जनशक्तिको मनोबल उच्च राख्नु,

(च) अनुसन्धान र नवप्रवर्तनबाट विकसित ज्ञान र उत्पादनको सिर्जित बौद्धिक सम्पत्ति संरक्षण र प्रवर्द्धन गर्नु,

(छ) वातावरणीय समस्याको समाधानका उपायहरु पहिचान तथा अवलम्बन गर्नु,

(ज) हरित निर्माण सामग्रीको लागि नविन प्रविधि विकास र विस्तार सम्बन्धी कार्य गर्नु।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

## परिच्छेद-३

## क्षेत्र पहिचान, अवधारणापत्र, शर्त, प्रस्ताव छनोट तथा स्वीकृति

४. **क्षेत्र पहिचान गर्ने:** मन्त्रालयले यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने प्रस्तावलाई प्रभावकारी बनाउन अनुसूची-१ मा सूचीकृत गरिएका कार्यक्रमका क्षेत्रलाई प्राथमिकताका क्षेत्रको रुपमा पहिचान गरिनेछ।

तर, यस दफामा उल्लेख भएका कार्यक्रमका क्षेत्र बाहेक पनि विज्ञान प्रविधि तथा नवप्रवर्तनका साथै सामाजिक समस्या समाधान र उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम, नविन प्रविधि विकास र विस्तार सम्बन्धी अन्य क्षेत्रहरुसँग सम्बन्धित दफा ५ बमोजिमको अवधारणापत्र पेश गर्न यस दफाले बाधा पारेको मानिनेछैन।

५. **अवधारणापत्रको माग:** (१) दफा ४ बमोजिम प्राथमिकताका क्षेत्रमा रहि अनुदान प्रदान गरिने अनुसन्धान प्रस्तावका सम्बन्धमा मन्त्रालयले संघ, प्रदेश तथा स्थानीय तह अन्तरगतका निकाय वा विश्वविद्यालय र यस अन्तरगतका अनुसन्धान संस्थासँग पन्ध्र दिनको समय दिई अनुसूची-२ बमोजिमको ढाँचामा अनुसन्धानको अवधारणापत्र पत्राचारद्वारा माग गर्न सक्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम पत्राचार गरेको निकाय मार्फत नै प्रस्तावकले मन्त्रालयमा अवधारणापत्र पेश गर्नुपर्नेछ।

(३) निजी तथा गैरसरकारी क्षेत्रले संयुक्त अवधारणापत्र पेश गर्दा देहाय बमोजिमका कागजात संलग्न गर्नुपर्नेछः-

(क) संघ, प्रदेश तथा स्थानीय तह अन्तरगतका निकाय वा विश्वविद्यालय र प्रचलित कानून बमोजिम दर्ता भएका गैरसरकारी अनुसन्धानमूलक संस्था वा निजी क्षेत्रको बीचमा भएको अनुसन्धानसँग सम्बन्धित द्विपक्षीय वा बहुपक्षीय समझदारी पत्र,

(ख) गैरसरकारी अनुसन्धानमूलक संस्था वा निजी क्षेत्रको दर्ता तथा नविकरण सम्बन्धी कागजात,

(ग) आ.व. २०८१/८२ को करचुक्ताको प्रमाणपत्र।

(४) उपदफा (१) बमोजिमको अवधारणापत्र छनोट समितिको बैठकमा पेश गर्नुपर्नेछ।

(५) छनोट समितिले अवधारणापत्र पेश गर्ने संस्थालाई आवश्यकतानुसार प्रस्तुतीकरण गर्न लगाउन सक्नेछ।

(६) छनोट समितिले अवधारणापत्र छनोट गरी स्वीकृतका लागि मन्त्रालयसमक्ष सिफारिस गर्नेछ।

६. **प्रस्ताव माग गर्न सक्ने:** (१) मन्त्रालयले दफा ५ को उपदफा (६) बमोजिम सिफारिस भई आएका अवधारणापत्र स्वीकृत गर्न सक्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम स्वीकृत अवधारणापत्रका आधारमा कम्तीमा पन्ध्र दिनको समय दिई प्रस्ताव पेश गर्न सम्बन्धित निकाय वा संस्थालाई पत्राचार गर्नेछ।

(३) उपदफा (२) बमोजिम सार्वजनिक, निजी क्षेत्र, विश्वविद्यालय तथा अनुसन्धानमा संलग्न संस्थाबीच विविध क्षेत्र, विषय, समस्या र अवसरको पहिचान गरी विज्ञान, प्रविधि तथा नवप्रवर्तनमा अनुसन्धान अनुदान कार्यक्रम संचालन गर्न पेश गर्ने प्रस्तावको ढाँचा अनुसूची-३ मा व्यवस्था भए बमोजिम हुनेछ।

(४) लागत साझेदारी गर्ने प्रस्तावक वा स्थानीय तहको सिफारिसमा स्थानीय ज्ञान र सीपमा आधारित अनुसन्धान, नवप्रवर्तन सम्बन्धी प्रस्तावकलाई प्राथमिकता दिन सकिनेछ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(५) प्रस्तावक संस्थाको नियमित खर्चमा समावेश हुने रकमलाई यस कार्यविधि बमोजिम लागत साझेदारी मानिनेछैन।

७. <u>प्रस्तावकले पूरा गर्नुपर्ने शर्तः</u> प्रस्तावकले प्रस्ताव पेश गर्दा देहाय बमोजिमको शर्त पूरा गरेको हुनु पर्नेछः-

(क) अनूसुची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने,

(ख) जनशक्ति योजना संलग्न गरेको हुनुपर्ने (प्रस्तावसँग सम्बन्धित मात्र),

(ग) अनुसन्धानको संयुक्त प्रस्तावको हकमा प्रचलित कानून बमोजिम दर्ता भएका गैरसरकारी अनुसन्धानमूलक संस्था वा निजी क्षेत्रको लागि अनुदान रकमबाट व्यहोर्ने खर्चको हिस्सा कुल लागत अनुमानको चालीस प्रतिशतमा नबढ्नेगरी अनुसूची-४ बमोजिम लागत अनुमान पेश गर्ने,

(घ) प्रमुख तथा सहायक क्रियाकलापहरुको कार्य सम्पादन हुने विस्तृत समयसारणी सहितको Gantt Chart को ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने,

(ङ) प्रचलित कानून बमोजिम दर्ता भएका गैरसरकारी अनुसन्धानमूलक संस्था वा निजी क्षेत्रको सहकार्यमा हुने अनुसन्धानको हकमा समझदारी पत्र, त्यस्ता संस्था/क्षेत्रको दर्ता तथा नविकरण संलग्न गर्नुपर्ने।

८. <u>प्रस्तावको छनोट तथा स्वीकृतिः</u> (१) छनोट समितिले शर्त पूरा भई प्राप्त हुन आएका प्रस्तावलाई अनुसूची-५ बमोजिम मूल्याङ्कन गरी योग्य प्रस्तावको छनोट गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नेछ।

(२) छनोट समितिले आवश्यकतानुसार प्रस्तावकलाई प्रस्तावको सम्बन्धमा प्रस्तुतीकरण गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव छनोट गर्दा पेश हुन आएको कुनै पनि प्रस्ताव सिफारिस योग्य नभएमा वा केहि मात्र प्रस्ताव योग्य हुने अवस्था देखिएमा छनोट समितिले सोहि व्यहोरा खुलाई मन्त्रालयमा पेश गर्नेछ।

(४) छनोट समितिको सिफारिस बमोजिम मन्त्रालयले प्रस्ताव स्वीकृत गर्न सक्नेछ।

(५) मन्त्रालयले उपदफा (४) बमोजिम स्वीकृत भएका प्रस्तावसँग सम्बन्धित प्रस्तावकलाई इमेल वा सञ्चारको माध्यमबाट समयमा नै छनोटको जानकारी गराउनुपर्नेछ।

(६) छनोट भएका प्रस्तावकसँग मन्त्रालयले सम्झौता गर्नेछ।

तर, मन्त्रालयले प्रस्ताव छनोटका समयमा दफा १४ को उपदफा (५) बमोजिमको लागत अनुमानमा सुधार गर्न सुझाव दिएमा परिमार्जित लागत अनुमान मन्त्रालयमा पेश गरेपछि मात्र प्रस्तावकसँग मन्त्रालयले सम्झौता गर्नेछ।

(७) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको पूर्णस्वामित्वको अनुसन्धान गर्ने निकाय वा प्रचलित कानून बमोजिम स्थापित विश्वविद्यालयसँग मन्त्रालयले सोझै प्रस्ताव माग गरी छनोट प्रक्रियामा समावेश गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम पेश हुन आएका प्रस्तावहरु छनोटका लागि छनोट समितिको मूल्यांकन तथा सिफारिसका आधारमा कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

## परिच्छेद-४

## <u>समितिको भूमिका</u>

<u>छनोट समितिः</u> (१) प्रस्तावको छनोट गरी अपेक्षित लक्ष्य हासिल गर्न मन्त्रालयमा देहाय बमोजिको एक छनोट समिति रहनेछ :-

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(क) सहसचिव, विज्ञान प्रविधि महाशाखा, मन्त्रालय - संयोजक

(ख) वैज्ञानिक वा विश्वविद्यालय प्राध्यापक वा सहप्राध्यापकमध्येबाट विज्ञ एक जना (प्रस्तावसँग सम्बन्धित क्षेत्रको) - सदस्य

(ग) प्रतिनिधि, विश्वविद्यालय अनुदान आयोग - सदस्य

(घ) प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य

(ङ) प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा - सदस्य

(च) प्रमुख, वैज्ञानिक अनुसन्धान शाखा, मन्त्रालय - सदस्य-सचिव

(२) मन्त्रालयले उपदफा (१) को खण्ड (ख) बमोजिमको विज्ञ प्रतिनिधि मनोनयनको लागि विश्वविद्यालयमा लेखी पठाउन सक्नेछ।

१०. <u>छनोट समितिको बैठक सम्बन्धी व्यवस्थाः</u> (१) छनोट समितिको बैठक संयोजकले निर्धारण गरेको मिति, समय र स्थानमा बस्नेछ।

(२) छनोट समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) छनोट समितिको बैठकसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) छनोट समितिको संयोजक सहित कम्तीमा पचास प्रतिशत भन्दा बढि सदस्यको उपस्थिति भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(ख) छनोट समितिको बैठकको निर्णय सर्वसम्मत हुनेछ र कुनै कारणले सर्वसम्मत हुन नसकेमा संयोजक सहितको उपस्थित सदस्यको बहुमतको निर्णय यस समितिको निर्णय हुनेछ।

(४) छनोट समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित निकायका विषय विज्ञ, प्राध्यापक, शिक्षकमध्येबाट तीन जनाको सङ्ख्याभन्दा बढी नहुने गरी आमन्त्रण गर्न सकिनेछ।

(५) छनोट समितिको सदस्य तथा आमन्त्रितलाई मन्त्रालयले प्रचलित नियमानुसारको बैठक भत्ता उपलब्ध गराउन सक्नेछ।

(६) छनोट समितिको बैठकसम्बन्धी अन्य व्यवस्था यसै छनोट समितिद्वारा निर्धारण भए बमोजिम हुनेछ।

११. <u>छनोट समितिको भूमिकाः</u> छनोट समितिको भूउमिका देहाय बमोजिम हुनेछः-

(क) पेश हुन आएका अवधारणापत्र र प्रस्ताव उपर छलफल गरी उपयुक्त अवधारणापत्र र प्रस्तावलाई मन्त्रालय समक्ष स्वीकृतिका लागि पेश गर्न सिफारिस गर्ने,

(ख) आवश्यकता अनुसार प्रस्ताव कार्यान्वयनको सुपरीवेक्षण गर्ने र प्रस्तावकलाई मन्त्रालय मार्फत् सुधारको लागि निर्देशन दिने,

(ग) कार्यक्रम सञ्चालनलाई प्रभावकारी र परिणाममुखी बनाउन आवश्यकताअनुसार स्रोत साधनको परिचालन तथा सूचना सम्प्रेषण गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयलाई आवश्यक सहजीकरण गर्ने तथा कार्यक्रम सञ्चालनको अभिलेख व्यवस्थापन गर्न आवश्यक व्यवस्था गर्ने,

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(ङ) यस कार्यविधि कार्यान्वयनमा उत्पन्न हुन सक्ने कुनै बाधा, अड्काउ वा द्विविधा भएमा त्यसको समाधानको लागि आवश्यक निर्णय लिने वा निर्णयका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(च) कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न कार्यगत व्यवस्था गर्ने,

## परिच्छेद-५

## प्रस्तावकको दायित्व, खर्चको मापदण्ड तथा अनुदानको सीमा

१२. **अनुदान प्राप्त गर्ने प्रस्तावकको दायित्वः** अनुदान प्राप्त गर्ने प्रस्तावकको दायित्व देहाय बमोजिम रहनेछः-

(क) छनोट भएको प्रस्तावको अधीनमा रही कार्यक्रम सञ्चालन गर्नु, गराउनु,

(ख) प्रस्ताव कार्यान्वयनको क्रममा मन्त्रालयबाट जुनसुकै समयमा हुने अनुगमनमा सहयोग गर्नु पर्ने,

(ग) सम्झौता बमोजिमको कार्यको सम्बन्धमा नियमित प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्ने,

(घ) सम्झौता बमोजिमको कार्य सम्पन्न भएपछि मन्त्रालयसँग सम्झौता गरेको सम्बन्धित निकाय वा संस्थाको प्रमुखको संयोजकत्वमा अनुसन्धानकर्मी सहितको बैठक बसी प्रतिवेदनलाई अन्तिम रुप दिइएको व्यहोराको माइन्युट तथा सम्बन्धित निकाय वा संस्थाको सिफारिस पत्रसाथ दुई प्रति अनुसूची-६ बमोजिमको ढाँचामा संक्षिप्त प्रतिवेदन र अन्तिम प्रतिवेदनको हार्ड कपी तथा सोको सफ्ट कपी मन्त्रालयलाई उपलब्ध गराउनु पर्ने,

(ङ) छनोट समितिले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ।

१३. **अनुदान रकमको सीमाः** मन्त्रालयले एक आर्थिक वर्षमा एक प्रस्तावकलाई निजले पेश गरेको प्रस्ताव पूर्ण रुपमा कार्यान्वयनका लागि बीस लाख रुपैयासम्म अनुदान प्रदान गर्न सक्नेछ।

## परिच्छेद-६

## अनुदानको भुक्तानी तथा अनुगमन

१४. **अनुदान रकम भुक्तानी दिनेः** (१) मन्त्रालयबाट स्वीकृत भएका प्रस्तावका प्रस्तावकसँग मन्त्रालयले अनुदान भुक्तानी गरिने शर्तसहितको कार्यान्वयन सम्झौता गर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम सम्झौताको अधीनमा रहि एक आर्थिक वर्षमा बढीमा तीन किस्तामा सम्बन्धित प्रस्तावकको बैङ्क खातामा देहाय बमोजिम रकम निकासा गर्ने व्यवस्था मिलाउनेछः-

(क) सम्झौता भई कार्य प्रारम्भ भएको विवरण प्राप्त भएको पन्ध्र दिनभित्र सम्झौताको बीस प्रतिशतले हुने रकम,

(ख) सम्झौता बमोजिमको कार्य असी प्रतिशत पुरा भएपछि खर्चको बील भरपाईको प्रमाणित प्रतिलिपी र अनुगमन प्रतिवेदनको आधारमा थप पचास प्रतिशत रकम,

(ग) कार्य सम्पन्न प्रतिवेदन तथा खर्च सम्बन्धित कागजातका आधारमा बाँकी रकम।

(३) प्रस्तावकले निकासा भएको रकम अनुसन्धान प्रयोजनमा मात्र खर्च गर्नुपर्नेछ र यस्तो रकम भौतिक पूर्वाधार (सवारी साधन/घर/टहरा/अफिस/प्रयोगशाला निर्माण वा मर्मत, उपकरण खरिद),

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

वैदेशिक भ्रमण गरी सम्मेलन, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमहरुमा सहभागि हुन तथा देशभित्र पनि सम्मेलन, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम आयोजना गर्न खर्च गर्न पाउने छैन।

(४) यस कार्यविधि कार्यान्वयनका क्रममा अनुसन्धानकर्ताको पारिश्रमिक प्रयोजनका लागि मन्त्रालयले उपलब्ध गराउने कुल अनुदान रकमको १५% भन्दा बढी खर्च गर्न पाइनेछैन।

(५) प्रस्तावकले मन्त्रालयसँग सम्झौता गर्दाका बखत स्वीकृत भएको अनुसूची-४ बमोजिमको लागत अनुमान उपशिर्षकमा नबढ्नेगरी मात्र खर्च गर्नुपर्नेछ।

(६) अनुसन्धानको संयुक्त प्रस्तावको हकमा मन्त्रालयसँग सम्झौता गरेका संघ, प्रदेश तथा स्थानीय तह अन्तरगतका निकाय वा विश्वविद्यालयले नै निकासा रकमबाट गैरसरकारी अनुसन्धानमूलक संस्था वा निजी क्षेत्रको भुक्तानीको व्यवस्था समेत मिलाउनुपर्नेछ।

(७) अनुसन्धानसँग सम्बन्धित सबै स्रोत उल्लेख गर्दै साहित्यिक चोरी (प्लेजिरिजम) नगरिएको स्व-घोषणा समेत पेश गर्नुपर्नेछ।

१५. <u>अनुगमन गरिने</u>: (१) यस कार्यविधि बमोजिम पहिलो चरणमा बीस प्रतिशत रकम भुक्तानी भएपश्चात सोको प्रभावकारी उपयोग भए नभएको सम्बन्धमा मन्त्रालयबाट समय-समयमा अनुगमन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमनको क्रममा दिइएका सुझाव पालना गर्नु सम्बन्धित प्रस्तावकको कर्तव्य हुनेछ।

(३) अनुगमन गर्दा यस कार्यविधि र सम्झौता अनुसारको शर्तहरु पूरा नभएको पाइएमा मन्त्रालयबाट प्रदान भएको अनुदान रकम अनुगमन टोलीको सिफारिसको आधारमा प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ।

## परिच्छेद-७
## <u>विविध</u>

१६. <u>कार्यान्वयनको लागि लेखि पठाउन सकिने</u>: मन्त्रालयले अनुसन्धानको प्रगति, उपलब्धिका बारेमा सम्बन्धित निकायसँग छलफल गरी अनुसन्धानको विस्तृत प्रयोगका लागि उपयुक्त देखिएका सम्बन्धित निकायलाई कार्यान्वयनका लागि आवश्यक विवरण सहित लेखि पठाउन सक्नेछ।

१७. <u>सम्पर्क एकाइ रहने</u>: कार्यक्रम सञ्चालनको लागि मन्त्रालयको विज्ञान प्रविधि महाशाखा सम्पर्क एकाइका रूपमा रहने छ।

१८. <u>सूचना प्रविधिको प्रयोग गर्न सकिने</u>: (१) मन्त्रालयले सूचना प्रविधिको प्रयोग गरी कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रविधिको प्रयोग गरी भएको कार्य यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ।

१९. <u>गुनासोसम्बन्धी व्यवस्था</u>: (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन, व्यवस्थापन, विषय विज्ञ तथा यससँग सम्बन्धित कुनै विषयमा कसैको गुनासो प्राप्त भएमा त्यस्तो विषयमा मन्त्रालयले उपसचिवस्तरको कर्मचारीको संयोजकत्वमा एक जना सम्बन्धित क्षेत्र र एक जना अधिकृतस्तरको कर्मचारी सम्मिलित तीन सदस्यीय समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिले प्राप्त गुनासोउपर अध्ययन गरी मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा गुनासोमा उल्लेख भए बमोजिम भएको वा नभएको यकिनका साथ सिफारिस हुन आएमा सचिवले सिफारिसका विषयमा यथाशिघ्र निर्णय गरी सम्बन्धित प्रस्तावकलाई जानकारी गराउन लगाउनेछ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

२०. <u>बाधा अडकाउ फुकाउन सक्ने</u>: (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइ परेमा मन्त्रालयले आवश्यक बाधा अड्काउ फुकाउन सक्ने छ।

(२) उपदफा (१) बमोजिमको बाधा अड्काउ फुकाउन गरिएको निर्णयको जानकारी मन्त्रालयले सार्वजनिक गर्नु पर्नेछ।

२१. <u>प्रचलित कानुनबमोजिम हुने</u>: कार्यक्रम कार्यान्वयनको लागि यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## अनुसूची-१
(दफा ४ सँग सम्बन्धित)

**प्राथमिकताका क्षेत्र**

(क) सूचना प्रविधि
(ख) कृषि र खाद्य सुरक्षा
(ग) प्राकृतिक स्रोत व्यवस्थापन
(घ) स्वास्थ्य
(ङ) उर्जा
(च) पर्यटन
(छ) प्रविधि विकास तथा विस्तार
(ज) वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची-२

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## अवधारणापत्रको ढाँचा

अनुसन्धान अवधारणापत्रको ढाँचा देहाय बमोजिम रहेको छः

१. अनुसन्धानको क्षेत्र
२. अनुसन्धानको विषय
३. अनुसन्धानको आवश्यकता र औचित्यता पुष्टि गर्ने
४. यसका मुख्य तथा सहायक क्रियाकलाप (समयसारणी सहित Gantt Chart ) प्रस्तुत गर्ने
५. अनुसन्धानको उपयोग तथा यसबाट प्रप्त हुने प्रतिफल (तत्कालीन तथा दीर्घकालीन स्पष्ट रुपमा उल्लेख गर्ने र पुष्टयाइँका आधारहरु प्रस्तुत गर्ने)
६. हालको अवस्था (यस विषयमा हाल भैरहेको कुनै अनुसन्धान वा प्रयोग वा सन्दर्भ)
७. कैफियत

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची-३

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति .............. मा माग गरे बमोजिम म/हामीले सञ्चालन गर्ने देहाय बमोजिमको कार्यक्रम पेश गरेका छौं:-

| | | |
|---|---|---|
| १ | प्रस्तावकको नामः | |
| २ | ठेगानाः | |
| ३ | सम्पर्क टेलिफोन नं: | |
| ४ | ई-मेलः | |
| ५ | प्रमुख सम्पर्क व्यक्तिको नाम, मोबाईल नं र ईमेलः | |
| ६ | दोस्रो सम्पर्क व्यक्तिको नाम, मोबाईल नं र ईमेलः | |
| ७ | प्रस्तावकसँग आबद्ध अन्य निकाय वा संस्थाहरु भए सबै संस्थाको नाम, ठेगाना, र प्रत्येक संस्थाबाट एक व्यक्तिको सम्पर्क नं:- | |
| ८ | प्रस्तावकको प्रमुख व्यक्तिको हस्ताक्षरः | |
| ९ | प्रस्तावकको माथिल्लो निकाय भए सो को नाम र ठेगानाः | |
| १० | प्रस्तावकले कार्य गर्ने अनुसूची-१ बमोजिमको प्राथमिकताको क्षेत्र (तहाँ उल्लेख नभएको क्षेत्र भए सो समेत उल्लेख गर्ने) | |

**१०.१ प्रारम्भिक भाग**

**१. शीर्षक पृष्ठ**

- अनुसन्धानको शीर्षक (स्पष्ट, संक्षिप्त र विषयवस्तु समेटिएको)
- सामाजिक, आर्थिक समस्या समाधानका लागि अनुसन्धानको स्पष्ट रुपमा आवश्यकता पहिचान गर्ने
- सोह्रौं योजना तथा दिगो विकासका लक्ष्यसँगको तादातम्यता
- नेपाल पक्ष राष्ट्र भएका महासन्धि, अभिसन्धि, सन्धिको प्रावधान कार्यान्वयनमा सहयोगी हुने भए सोको व्यहोरा

**२. सारांश**

- अनुसन्धानको संक्षिप्त विवरण
- मुख्य उद्देश्य, विधि, अपेक्षित परिणाम
- महत्त्वपूर्ण खोजी बिन्दुहरू

**१०.२ प्रस्तावको मुख्य भाग**

**१. परिचय अनुसन्धानको पृष्ठभूमि**

- समस्याको विवरण
- अनुसन्धानको वैज्ञानिक महत्त्व
- अध्ययनको औचित्य

**२. पूर्व अध्ययन समीक्षा**

- सम्बन्धित अघिल्ला अध्ययनहरूको विश्लेषण



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

- ➢ वर्तमान ज्ञानको स्थिति
- ➢ अनुसन्धान अन्तर (रिसर्च ग्याप) को पहिचान

३. अनुसन्धान उद्देश्य

- ➢ प्रमुख उद्देश्य
- ➢ अन्य उद्देश्यहरू

४.अनुसन्धान विधि

- ➢ अध्ययन डिजाइन (गुणात्मक/मात्रात्मक/मिश्रित)
- ➢ तथ्यांक संकलन विधि (प्रयोग, सर्वेक्षण, अवलोकन आदि)
- ➢ नमूना चयन विधि र आकार
- ➢ तथ्यांक विश्लेषण विधि (सांख्यिकीय विधि, सफ्टवेयर)

५. अपेक्षित परिणाम

- ➢ वैज्ञानिक योगदान
- ➢ व्यावहारिक अनुप्रयोग
- ➢ सामाजिक/आर्थिक प्रभाव

६. कार्य योजना

- ➢ गतिविधिहरूको विस्तृत समयरेखा (ग्यान्ट चार्ट)
- ➢ मुख्य चरणहरू र माइलस्टोन

७. बजेट विवरण

- ➢ विस्तृत खर्च योजना (उपकरण, मानव स्रोत, स्थलगत कार्य आदि)
- ➢ प्रमुख खर्च शीर्षकहरू
- ➢ अनुदान आवश्यकता

८. टिम विवरण

- ➢ प्रमुख अनुसन्धानकर्ताको विशेषज्ञता
- ➢ सहयोगीहरूको योग्यता
- ➢ संस्थागत समर्थन

९. परिशिष्ट भाग

१०. सन्दर्भ सामग्री

- ➢ प्रयोग गरिएका स्रोतहरू

११. अन्य परिशिष्ट

- ➢ प्रश्नावली (यदि लागू भए)
- ➢ अनुमति पत्र (यदि लागू भए)
- ➢ टिम सदस्यहरूको वैयक्तिक विवरण (यस अनुसन्धाननका लागि वैयक्तिक विवरण प्रयोग गर्न अनुमति दिइएको स्वघोषणा कागजात संलग्न गर्नुपर्ने)

१०.३ लागत सझेदारी: प्रस्ताव कार्यान्वयनको शिलशिलामा लागत साझेदारी सम्बन्धी विवरण संलग्न गर्नु पर्नेछ र सोको पुष्ठ्याई पेश गर्नु पर्नेछ।

| | |
|---|---|
| ११ | म/हामीले माथि पेश गरेको सबै विवरणहरु सहि छन्। झुट्टा फरक रहेछ भने कानून बमोजिम सहुँला, बुझाउँला । |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| | प्रस्तावक निकाय वा संस्थाको प्रमुखको दस्तखत/मिति/छाप | |
| १२ | मन्त्रालयको लागि सम्पर्क व्यक्तिः | |
| | नामः | |
| | सम्पर्क नंः | |
| | ईमेलः | |
| १३ | प्रस्तावक निकाय वा संस्थाको प्रमुखको दस्तखत तथा सहिछाप | आ.व<br>............................<br>प्रस्तावक निकाय वा संस्थाको प्रमुखको नामः<br>............................<br>दस्तखत / मिति / छाप |

<u>नोटः</u> यस कार्यविधि बमोजिम आवश्यक पर्ने कागजात पेश नगर्ने प्रस्तावकलाई सो कागजात वापतको अङ्क प्रदान गर्दा शुन्य अंक प्रदान गरिने छ। छनोट समितिले आवश्यक देखेमा मूल्याङ्कनको लागि स्थलगत निरीक्षण तथा थप कागजात माग गर्न सक्ने छ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची-४
(दफा ७ को खण्ड (ग) सँग सम्बन्धित)
<u>लागत अनुमानको खाका</u>

| क्र. सं. | खर्च शिर्षक | एकाइ | शिर्षकको जम्मा परिमाण | शिर्षकको प्रति एकाइ दर | शिर्षकको जम्मा लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जनशक्तिको पारिश्रमिक | | | | | |
| २ | भ्रमण, यातायात खर्च, उपकरण भाडा, परीक्षण शुल्क, कन्ज्युमेवल्स्, रसायन, सफ्टवेयर लगायतका सोधभर्ना हुने खर्च | | | | | |
| ३ | प्रतिवेदन छपाइ लगायतका फुटकर खर्च | | | | | |
| ४ | ओभरहेड खर्च (पाँच प्रतिशत मा नबढ्नेगरी) | | | | | |
| | जम्मा | | | | | |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची-५

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

मूल्यांकनको अंकभारका आधार

मूल्यांकन आधार

| क्र.स. | मूल्यांकनका आधार | अंकभार | मापदण्ड |
|---|---|---|---|
| १ | शीर्षक (Title) | २ | ➢ स्पष्टता, संक्षिप्तता, विषयवस्तुको प्रतिनिधित्व (१ अंक)<br>➢ रचनात्मक तथा नविनता (१ अंक) |
| २ | सारांश (Abstract) | १ | ➢ अनुसन्धानको संक्षिप्त तर पूर्ण विवरण (मुख्य उद्देश्य, विधि, अपेक्षित परिणाम समावेश भएको) (१अंक) |
| ३ | परिचय (Introduction) | २ | ➢ अनुसन्धान समस्याको स्पष्ट विवरण (१ अंक)<br>➢ अनुसन्धानको आवश्यकता, महत्त्व र स्पष्ट सीमा (१ अंक) |
| ४ | पूर्व अध्ययन समीक्षा | २ | ➢ अद्यावधिक स्रोत र तुलनात्मक अध्ययन (१ अंक)<br>➢ अनुसन्धान अन्तर (Research Gap) को स्पष्टता (१अंक) |
| ५ | अनुसन्धान उद्देश्य | १० | ➢ SMART (Specific, Measurable, Achievable, Relevant and Time-bound) उद्देश्यः विशिष्ट, मापन योग्य, प्राप्ति योग्य (६ अंक)<br>➢ सन्तुलन मुख्य र गौण उद्देश्यहरूको समन्वय (४ अंक) |
| ६ | अनुसन्धान विधि | २० | ➢ अनुसन्धानको उपयुक्त डिजाइन- गुणात्मक/मात्रात्मक/मिश्रित (५ अंक)<br>➢ विश्वसनीय तथ्यांक संकलन- उपकरण, नमूना चयन विधि (५अंक)<br>➢ विश्लेषण विधि- सांख्यिकीय विधि/सफ्टवेयर (५अंक)<br>➢ पर्याप्त नमूना आकार (५अंक) |
| ७ | अपेक्षित परिणाम | २० | ➢ वैज्ञानिक योगदानः नयाँ सिद्धान्त वा प्रविधि वा प्रोटोटाइप विकास वा पेटेण्ट दर्ताको सम्भावना भएको (५ अंक)<br>➢ प्रायोगिक उपयोगिताः व्यावहारिक अनुप्रयोग (५ अंक)<br>➢ सामाजिक आर्थिक प्रभावः समाज/अर्थतन्त्रमा पार्ने सकारात्मक असर (१० अंक) |



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवार, काठमाडौं, नेपाल

| क्र.स. | मूल्यांकनका आधार | अंकभार | मापदण्ड |
|---|---|---|---|
| ८ | अनुसन्धानको लागि प्रयोगशाला लगायतका भौतिक संरचना | १० | ➢ अनुसन्धानसँग सम्बन्धित आफ्नै प्रयोगशाला तथा उपकरण सुविधा र सर्वेक्षण/नमूना संकलनका लागि उपकरण (GPS, सेन्सर, क्यामेरा) आवश्यक पर्ने भए सो समेत र सूचना प्रविधिका सम्बन्धी प्रस्तावको हकमा आवश्यक पर्ने सफ्टवेयर/हार्डवेयर तथा तथ्यांक भण्डारण सुबिधा (१० अंक) तर, प्रयोगशाला परीक्षण आफ्नै प्रयोगशालामा नहुने भए वा सूचना प्रविधि सम्बन्धी प्रस्तावको हकमा सफ्टवेयर/हार्डवेयर तथा तथ्यांक भण्डारण सुबिधा प्रस्तावकसँग नभएको खण्डमा प्रयोगको वैकल्पिक व्यवस्था प्रस्ताव गरेको भएमा (५ अंक) तर, माथिका दुवै मापदण्ड पुरा नभएमा शुन्य अंक |
| ९ | कार्य योजना | १५ | ➢ मुख्य तथा सहायक क्रियाकलापहरूको यथार्थपरक समयरेखा (Gantt Chart) (१० अंक)<br>➢ माइलस्टोनः प्रमुख चरणहरू स्पष्ट (५ अंक) |
| १० | टोली सदस्यहरुको योग्यता र अनुभव | १८ | ➢ प्रमुख अनुसन्धानकर्ताको योग्यता - विद्यावारिधि (२ अंक) वा स्नातकोत्तर (१अंक)<br>➢ प्रमुख अनुसन्धानकर्ताको अनुभव - बढिमा ३ वटासम्म अनुसन्धानमा प्रमुख अनुसन्धानकर्ता भई काम गरेको प्रत्येक अनुसन्धानको लागि २ अंकका दरले जम्मा ६ अंक, काम नगरेको भए शुन्य अंक)<br>➢ सहायक अनुसन्धानकर्ताहरूको योग्यता- विद्यावारिधि (२ अंक वा स्नातकोत्तर (१अंक)<br>➢ सहायक अनुसन्धानकर्ताको अनुभव – बढीमा ३ वटासम्म अनुसन्धानमा प्रमुख वा सहायक अनुसन्धानकर्ता भई काम गरेको प्रत्येक अनुसन्धानको लागि १ अंकका दरले जम्मा ३ अंक, नगरेको भए शुन्य अंक)<br>➢ **बढीमा कामसँग सम्बन्धित २ जना सहायक अनुसन्धानकर्ताको माथि उल्लेखित अंकभार अनुसार मूल्यांकन हुनेछ तर, कामसँग सम्बन्धित सम्पूर्ण जनशक्तिको विवरण प्रस्तावमा समावेश गरेको हुनुपर्नेछ।)** |
| जम्मा अंकभार | | १०० | |

कम्तिमा ७५% अंकभार हासिल नगर्ने प्रस्ताव स्वतः अयोग्य हुनेछ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

## अनुसूची-६
(दफा १२ को खण्ड (घ) सँग सम्बन्धित)

**संक्षिप्त प्रतिवेदनको खाका**

संक्षिप्त प्रतिवेदन तयार गर्दा १० पृष्ठ नबढ्ने गरी देहायको ढाँचा बमोजिम तयार गर्नुपर्नेछः-

१. परिचय
२. सारांश
३. लक्ष्य तथा उद्देश्य
४. अनुसन्धानको आवश्यकता र अनुसन्धान पछिको तादातम्यता
५. अनुसन्धान प्रक्रियाको संक्षिप्त व्यहोरा
६. पूर्व अध्ययन समिक्षा
७. परिणाम र यसले पार्ने सामाजिक आर्थिक प्रभाव
८. मुख्य निष्कर्ष तथा सुझाव
९. सन्दर्भ सामाग्री
१०. अनुसूची

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल